# मिति २०७७ साल भाद्र ९ गतेको कार्यपालिकाका निर्णयहरु :

निर्णय नं.१,

प्रस्ताव नं. १ माथि छलफल गर्दा चालु आ.व.मा यस गाउँपालिका अन्तरगत संचालन हुने गरी एम्बुलेन्स १ गोटा खरिद गर्न बजेट स्वीकृत भएकोले यस कार्यालयबाट एम्बुलेन्स संचालनको अनुमती तथा सो एम्बुलेन्स खरिद गर्दा लाग्ने राजश्व छुटको लागि अर्थ मन्त्रालयमा सहमती/पूर्व सहमतीको लागि शिफारिस गरीदिन जिल्ला एम्बुलेन्स संचालन समिति दाङ र राजश्व छुटको लागि अर्थ मन्त्रालयमा अनुरोध गर्ने गरी स्वीकृत बजेट अनुसारको एम्बुलेन्स खरिदको प्रक्रिया अगाडि बढाउने ।

निर्णय नं.२,

प्रस्ताव नं. २ माथि छलफल गर्दा राजपुर गाउँपालिका न्यायिक समिति(कार्यविधि सम्बन्धी) ऐन,२०७४ को दफा ४९ मा न्यायिक समितिको सचिवालय सम्बन्धि व्यवस्था भएको र उपदफा (१) मा समितिको कार्यसम्पादनलाई सहजीकरण गर्न एक सचिवालय रहनेछ भन्ने उल्लेख भएको, उपदफा(२) मा सचिवालयमा कार्यपालिकाले आवश्यकता अनुसार उजुरी प्रशासक,अभिलेख प्रशासक तथा अन्य कर्मचारीको व्यवस्था गर्न सक्नेछ भन्ने उल्लेख भएकोले हाल न्यायिक समितिको काम कारवाहीलाई व्यवस्थित गर्न उपयुक्त कर्मचारीलाई उजुरी प्रशासक तोक्न प्रमुख प्रशासकीय अधिकृतलाई अधिकार दिने ।

निर्णय नं.३,

प्रस्ताव नं. ३ माथि छलफल गर्दा यस गाउँपालिकाको वडा नं ७ अन्तरगत सिक्टा गोठुवा सडकको किचेखोली कुरुवा खोला खण्डमा वर्षातको कारण अत्यधि मात्रामा हिलो भई त्यस पश्चिमको जनजीवन कष्टकर भएको गुनासो प्राप्त भएकोले उक्त स्थानमा स्थानीय खोलाबाट गेग्रेड(गिठ्ठी) उठाई तत्काल ग्राभेल गरी जनजिवन सहज बनाउन आवश्यक भएकोले गाउँपालिकाको डोजर र ७ वटा ट्रेक्टर प्रयोग गरी जम्मा ६०० मीटर बाटो ग्राभेल कार्य गरिएको र उक्त कार्यमा जम्मा रु ६५ हजार खर्च आएकोले उक्त खर्च विपत व्यवस्थापन शिर्षकबाट भुक्तानी दिने ।

निर्णय नं.४,

प्रस्ताव नं. ४ माथि छलफल गर्दा यस गाउँपालिकाले आफ्नो क्षेत्र भित्रको निर्माण कार्य तथा अन्य सेवाको प्रयोजनको लागि निर्माण सामाग्री,ज्याला,भाडा तथा महशुलको स्थानीय न्यूनतम दररेट स्वीकृत गर्ने सम्बन्धमा यस अधिको बैठकको निर्णयानुसार गठित कार्यदलबाट तयार पारि पेश भएको प्रतिवेदन माथि छलफल गर्दा कार्यदलबाट शिफारिस भए अनुसारको राजपुर गाउँपालिकाको आ.व.२०७७।७८ को दररेट थप संशोधन सहित स्वीकृत गर्ने ।

निर्णय नं.५,

प्रस्ताव नं. ५ माथि छलफल गर्दा यस अघिको बैठकमा प्रस्तुत भएको राजपुर गाँउपालीकाको टोल बिकास संस्था गठन तथा संचालन सम्बन्धी कार्यविधि,२०७७ को मस्यौदा कार्यविधि स्वीकृत गर्ने ।

निर्णय नं.६,

प्रस्ताव नं. ६ माथि छलफल गर्दा यस अघिको बैठकमा प्रस्तुत भएको राजपुर गाँउपालीकाको आ.व.२०७६।७७ को वार्षिक खर्च प्रगती विवरण भएका अनुमोदन गर्ने ।

निर्णय नं.७,

प्रस्ताव नं. ७ माथि छलफल गर्दा राजपुर गाउँपालिकाको घ वर्गको निर्माण व्यवसायी इजाजत पत्र सम्बन्धी कार्यविधि,२०७५ मा भएको इजाजतपत्र दर्ता,नामसारी तथा ठाउँसारीको ,नविकरण तथा प्रतिलिपि दस्तुर सम्बन्धि व्यवस्थालाई अझ व्यवस्थित गर्न आवश्यक भएकोले सो कार्यविधिको **अनुसूचि २** झिकी सो को सट्टा देहाय अनुसारको **अनुसूचि २** राख्ने र द्रष्टव्यमा उल्लेखित प्रावधान यथावत राख्ने ।

तपशिल :

अनुसूचि २

कार्यविधिको दफा ३ र ४ संग सम्बन्धित

| क.स. | निर्माण व्यवसायिको वर्ग | इजाजत पत्र दता,नामसारी तथा ठाउँसारी दस्तुर | इजाजत पत्र नविकरण दस्तुर (३५ दिन भित्र) | इजाजतपत्र नविकरण थप दस्तुर (आश्विन मशान्त भित्र) | इजाजतपत्र नविकरण थप दस्तुर पौष मशान्त भित्र) | इजाजतपत्र नविकरण थप दस्तुर (चैत्र मशान्त भित्र) | इजाजतपत्र प्रतिलिपि दस्तुर |
|---|---|---|---|---|---|---|---|
| १ | घ | १००००। | १५००। | ३०००। | ४५००। | ६०००। | १०००। |

निर्णय नं ८,

प्रस्ताव नं. ८ माथि छलफल गर्दो यस प्रस्ताव सम्बन्धि आवश्यक अध्ययन गरि निर्णय लिने ।

निर्णय नं.९,

प्रस्ताव नं.९ माथि छलफल गर्दो नेपाल अवधी संस्कृति संरक्षण प्रतिष्ठान,गढवा दाङ को च.नं.३ मिति २०७७।०५।०८ को पत्रानुसार उक्त संस्थाले अवधी भाषा,कला,संस्कृति जगेर्ना गर्नका लागी संस्थाको दोस्रो बार्षिक मुख पत्र “अवधी दर्पण“ प्रकाशन गर्ने अवसरमा आर्थिक सहयोग उपलब्ध गराई दिनुहुन भनी लेखि आएको सम्बन्धमा सहयोग स्वरुप रु १०,००० । रकम उपलब्ध गराउने निर्णय गरियो ।